


## सहभागिता:

कार्यक्रम चक्रका सम्पूर्ण चरणहरूमा संस्थाहरूले सञ्चालन गर्ने निर्णय प्रक्रियाहरू तथा गतिविधिहरूमा सुरक्षित, उपयुक्त र समान अवसरमार्फत सहभागी हुन पाउने अवसर र पहुँच सुनिश्चित गर्नु।




## सूचना तथा सञ्चार

सबै समूहका फरक सन्दर्भ र प्राथमिकतालाई ध्यानमा राख्दै, जीवनरक्षक, सुरक्षित र उपयुक्त सूचनामा समान पहुँच सुनिश्चित गर्ने, अधिकारसम्बन्धी जानकारी र ती अधिकार प्रयोग गर्ने तरिकाबारे स्पष्ट जानकारी उपलब्ध गराउने, साथै सहायता प्रदायक र समुदायबीच प्रभावकारी दुईतर्फी सञ्चार प्रणाली स्थापना गर्ने।

# प्रतिक्रिया तथा गुनासो




हामी प्रभावित समुदायप्रति तब मात्र वास्तविक रूपमा उत्तरदायी हुन्छौं, जब उनीहरूको प्रतिक्रिया ध्यानपूर्वक सुनी त्यसलाई व्यवहारमा लागू गर्छौं।

यो हुनका लागि, हामीसँग यस्ता प्रणालीहरू हुनुपर्छ जसले:

- प्रभावित सबै समूहले सुरक्षित रूपमा आफ्ना धारणा र प्रतिक्रिया व्यक्त गर्न सक्ने प्रणाली।
- प्राप्त सूचनालाई व्यवस्थित रूपमा सङ्कलन, विश्लेषण र प्रभावकारी रूपमा प्रयोग गर्न सक्ने प्रणाली।

# यौन शोषण र दुर्व्यवहार (PSEA) विरुद्धको सुरक्षा:

e




**यौन शोषण र दुर्व्यवहार** (PSEA) ले संस्थाहरू र तिनका कर्मचारीहरूले आफ्नो अधिकारलाई नैतिक, पारदर्शी र जिम्मेवार रूपमा प्रयोग गर्न सुनिश्चित गर्दै उत्तरदायित्वलाई मजबुत बनाउँछ।

प्रभावित जनसंख्याप्रति उत्तरदायित्व (AAP) का दृष्टिकोणहरूले प्रभावित समुदायलाई सहायता प्रदायकहरूबाट के अपेक्षा गर्न सकिन्छ भन्नेबारे स्पष्ट जानकारी दिन्छन् र आफ्ना गुनासा तथा प्रतिक्रिया सुरक्षित, विश्वसनीय र पहुँचयोग्य माध्यममार्फत व्यक्त गर्न सक्ने अवस्था सुनिश्चित गर्छन्। यसले यौन शोषण तथा दुरुपयोगको रोकथाम र संरक्षणलाई अझ प्रभावकारी बनाउँछ।

# स्थानीय क्षमता सुदृढीकरण:




समुदायसँगको संलग्नता केवल प्रभावित व्यक्तिहरूसम्म सीमित हुँदैन, यसमा सरकार, स्थानीय गैरसरकारी संस्था (NGO), महिला वा युवा समूह, धार्मिक समूह, धर्मगुरुहरू तथा समुदायमा आधारित अन्य नेटवर्क/समूहहरू पनि समावेश हुन्छन्।

हामीले कार्यक्रमका उद्देश्य र अपेक्षित नतिजा तय गर्न स्थानीय सरोकारवालासँग मिलेर र उनीहरूमार्फत काम गर्ने लक्ष्य राख्नुपर्छ। यसका लागि औपचारिक र अनौपचारिक दुवै प्रकारका समुदाय संरचना र सञ्जालहरू प्रयोग गर्नुपर्छ।

कार्यक्रमको योजना, कार्यान्वयन, अनुगमन र व्यवस्थापनका सबै चरणमा स्थानीय सरोकारवालाहरूको सक्रिय सहभागिता सुनिश्चित गर्न उनीहरूलाई सशक्त बनाउनु अत्यन्तै महत्वपूर्ण हुन्छ।

# प्रमाणमा आधारित पैरवी




प्रभावित समुदायका धारणा, आवश्यकता, प्राथमिकता र रोजाइहरू सबै तहमा संकलन गरी हाम्रो निर्णय, सुधार प्रक्रिया र वकालत तथा स्रोत परिचालनमा मार्गदर्शन गर्न प्रयोग गर्ने, जसले कार्यक्रमको गुणस्तर र सान्दर्भिकता बढाउँछ। कार्यक्रम र हस्तक्षेपका सबै तहमा प्रभावित मानिसहरूको विचार, आवश्यकता, प्राथमिकता र रोजाइ बुझ्नु आवश्यक हुन्छ। यसले हाम्रो निर्णय, आवश्यक परे कार्यक्रमको दिशा सच्याउन मार्गदर्शन गर्छ, र कार्यक्रमको गुणस्तर तथा सान्दर्भिकता सुधार गर्न पैरवी र स्रोत परिचालनलाई समर्थन गर्छ।

- प्रभावित जनसंख्याले कार्यक्रम कसरी डिजाइन र सञ्चालन हुन्छ भन्नेबारे आफ्नो भनाइ राख्न पाएको अनुभूति गर्छन् कि गर्दैनन् भन्ने मूल्याङ्कन गर्नु आवश्यक छ।
- मानिसहरूले फिडब्याक प्रणालीबारे थाहा पाएका छन् वा छैनन्, र संवेदनशील गुनासोहरू समेत आत्मविश्वासका साथ साझा गर्न सहज महसुस गर्छन् कि गर्दैनन् भन्ने बुझ्नु जरुरी हुन्छ।

# समन्वय तथा साझेदारी




- संयुक्त आवश्यकता मूल्याङ्कन – साझा उपकरण/प्रश्नावली, समयसीमा, विश्लेषण र प्रतिवेदन
- संयुक्त धारणा (perception) सर्वेक्षण
- साझा र सहमति भएका प्रमुख सन्देशहरू तथा समन्वित प्रसार
- संयुक्त रूपमा स्थापना गरिएका संलग्नता प्लेटफर्म र फिडब्याक प्रणालीहरू-जस्तै: हॉटलाइन, सूचना केन्द्र, कल सेन्टर, सामाजिक सञ्जाल आदि
- साझा फिडब्याक डाटा विश्लेषण र प्रतिवेदन
- फिडब्याकका लागि सहमति गरिएको प्रतिक्रिया प्रोटोकल-जस्तै: प्रतिक्रिया समयसीमा, गम्भीरता/ संवेदनशीलताको स्तर, रिफरल प्रक्रिया
- साझा अनुगमन सूचकहरू, साथै प्रतिवेदन र मूल्याङ्कन प्रणालीहरू
- साझा कार्यान्वयन/ सञ्चालन संरचना-जस्तै: साझा कार्ययोजना, संयुक्त प्रस्ताव, संयुक्त अपिल, साझा कोष व्यवस्था